# सम्झौता अध्ययन कार्यविधि २०७३

काठमाडौं महानगरपालिकाको मिति २०७३ असाढ २९ गते सम्पन्न २८ औ नगर परिषदबाट भएको निर्णय अनुसार का.म.पा. पक्ष भएका करार/सम्झौता/सहमतीपत्र संकलन गर्ने, अध्ययन/विश्लेषण गर्ने, उल्लेखित शर्त बन्देज तथा दायित्वको यथार्थ परिपालन भए/नभएको तथा समयानुकुल रहे/नरहेको अध्ययन/विश्लेषण गरी पुनरावलोकन गर्नुपर्ने हो/होइन यकिन गरी राय सुझाव का.म.पा. बोर्डलाई दिने र बोर्डबाट भएको निर्णयानुसार पुनरावलोकन गर्ने कार्य समेत गर्न अधिकार सम्पन्न समिति गठन गर्ने निर्णय भए बमोजिम समितिले गर्ने काम कारवाहीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन उक्त परिषदको निर्णयले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्विकृत गरी लागू गरिएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम सम्झौता अध्ययन कार्यविधि, २०७३ रहेको छ ।

२) यो कार्यविधि समितिले निर्णय गरेको मितिदेखि लागू हुनेछ ।

२) **परिभाषा :**

(क) **'सम्झौता'** भन्नाले काठमाडौं महानगरपालिका वा मातहतका विभाग वा महाशाखा वा शाखा वा आयोजना वा सचिवालय वा एकाई वा वडा कार्यालय र सो सम्बद्ध पदाधिकारी/कर्मचारीहरुले एक पक्ष भई गरेका सबै खालका करार/सम्झौतापत्र/सहमती पत्र समेतलाई सम्झनुपर्दछ ।

(ख) **'समिति'** भन्नाले काठमाडौं महानगरपालिकाको २८ औं नगर परिषदको निर्णय बमोजिम सम्झौता अध्ययन गर्न गठित समितिलाई सम्झनुपर्दछ ।

ग) **'अध्ययन'** भन्नाले का.म.पा. का सम्झौताहरु संकलन तथा संग्रह गर्ने, यथार्थ परिपालन भए/नभएको यकिन गर्ने, सम्झौताको शर्तहरु कार्यान्वयन अवस्था तथा कारणहरु सम्बन्धमा विश्लेषण गर्ने, सम्झौता समय सन्दर्भ अनुसार पुनरावलोकन गर्न आवश्यक भए/नभएको यकिन गरी पुनरावलोकन गर्नुपर्ने देखिए सो गर्न का.म.पा. बोर्डमा पेश गरी पुनरावलोकन गर्न आवश्यक कारवाहीको लागि स्विकृति प्राप्त गर्ने, सम्झौताका पक्षहरुसँग छलफल/परामर्श गर्ने, स्पष्टीकरण लिने तथा सम्झौता सम्बन्धमा गर्नुपर्ने आवश्यक ठहर गरिएका निर्णयानुसार समितिले गर्ने अन्य काम कारवाहीलाई समेत सम्झनुपर्दछ ।

घ) **'का.म.पा.'** भन्नाले काठमाडौं महानगरपालिकालाई सम्झनुपर्दछ ।

ङ) **'विभागीय सजाय'** भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था उल्लंघन गरेको ठहर गरी अधिकार प्राप्त अधिकारीले गर्ने सजाय सम्झनुपर्दछ ।

च) **'लिखित जवाफ'** भन्नाले समितिको निर्णयानुसार का.म.पा. सम्बद्ध पदाधिकारी/कर्मचारी एक पक्ष भई सम्झौतामा हस्ताक्षर गरी सम्झौता भए/नभएको वा भएको भए कुन कुन भएको र नभएको भए सो व्यहोरा पछिसम्म फरक नपर्ने गरी दिनुपर्ने लिखित व्यहोरालाई सम्झनुपर्दछ । यस शब्दले सम्झौताको पक्षहरुले दिने जुनसुकै लिखित विवरण समेतलाई जनाउनेछ ।

छ) 'सानिसा एकाई' भन्नाले काठमाडौं महानगरपालिकामा सक्रिय सार्वजनिक नीजि साझेदारी एकाईलाई सम्झनुपर्दछ ।

ज) 'कर्मचारी' भन्नाले का.म.पा. को कर्मचारी सम्झनुपर्दछ । सम्झौता हुँदाका बखत साक्षी बसेका जुनसुकै तहका कर्मचारी समेत यस परिभाषा अन्तर्गत पर्नेछन् ।

झ) 'सदस्य' भन्नाले समितिको संयोजक सदस्य तथा सदस्य सचिव समेतलाई सम्झनुपर्दछ ।

३) **सम्झौता अध्ययन समिति गठन सम्बन्धि व्यवस्था :**

का.म.पा. को २८ औं नगरपरिषदले निर्णय गरेअनुसार देहाय बमोजिमको समिति गठन गरिएको छ :-

श्री सर्वोत्तम दास डंगोल- संयोजक

श्री देवरत्न डंगोल-सदस्य

श्री विद्यासुन्दर शाक्य-सदस्य

श्री वसन्त आचार्य-सदस्य, अनुगमन महाशाखा प्रमुख,

श्री नुरनिधि न्यौपाने-सदस्य सचिव, सानिसा एकाई प्रमुख

४) **समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) का.म.पा. पक्ष भएका सबै सम्झौताहरुको प्रमाणित छायाँकपी संकलन गर्ने ।

(ख) सम्झौताहरुको अध्ययन/विश्लेषण गर्ने ।

(ग) सम्झौताका शर्त, बन्देज तथा दायित्वहरुको यथार्थ परिपालन भए/नभएको यकिन गर्ने ।

(घ) सम्झौताका शर्तहरु समयानुकुल भए/नभएको विश्लेषण गर्ने ।

(ङ) शर्तहरु कार्यान्वयन/पालना कसको कारणले नभएको हो पत्ता लगाउने ।

(च) सम्झौतामा हस्ताक्षर गर्ने तथा साक्षी बस्ने पदाधिकारी/कर्मचारी/व्यक्तिहरुसँग छलफल/परामर्श/अन्तक्रिया तथा लिखित व्यहोरा/स्पष्टीकरण प्राप्त गर्ने ।

(छ) सम्झौता पुनरावलोकन गर्न आवश्यक देखिए का.म.पा. बोर्डमा पेश गरी स्विकृति प्राप्त गर्ने ।

(ज) सम्झौता पुनरावलोकन गर्न गर्नुपर्ने अन्य आवश्यक कार्यहरु गर्ने ।

(झ) सम्झौता अध्ययन कार्यमा सहयोग नगर्ने वा लिखित जवाफ प्रेषित नगर्ने, छलफलमा भाग लिन आमन्त्रण गर्दा अस्विकार गर्ने/अनुपस्थित रहने वा समितिको काम कारवाहीलाई असहयोग गर्ने का.म.पा. का कर्मचारीहरुलाई अनुशासन तथा आचरण विपरितको कार्य गरेको ठहर गरी विभागीय सजायको लागि अधिकार प्राप्त अधिकारी समक्ष शिफारिस गर्ने ।

(ञ) सम्झौता सम्बन्धमा आवश्यकता अनुसार सम्झौताका पक्षहरु, साक्षीहरु, कानुनी सल्लाहकारहरु, कार्यकारी अधिकृत, विभागीय प्रमुख अन्य कर्मचारी तथा कुनै पनि व्यक्तिसँग छलफल/परामर्श/अन्तरक्रिया गर्ने।

(ट) सम्झौता अध्ययन प्रक्रियामा आवश्यक ठानिएका अन्य कार्यहरु गर्ने/गराउने।

५) **समितिको कार्य प्रक्रिया :**

समितिले गर्ने काम कारवाही सामान्यत: बैठक बसी निर्णय गरे अनुसार हुनेछ तर तत्काल कुनै काम गर्नुपरेमा समितिमा पछि पेश गरी अनुमोदन गर्ने गरी समितिका सदस्यहरुको मौखिक सहमतीमा कार्य गर्न सकिनेछ।

६) **समितिको बैठक:**

समितिले तोकिएको कार्य सम्पादन गर्न आवश्यकता अनुसार बैठक बस्न सक्नेछ।

७) **सदस्यहरुको सुविधा :**

समितिको बैठक बसे बापत तोकिए बमोजिमको खाजा खर्च तथा बैठक भत्ता उपलब्ध गराइनेछ।

८) **थप कर्मचारीको व्यवस्था :**

समितिको काम कारवाहीलाई थप प्रभावकारी र परिणाममुखी बनाउन समितिले आवश्यकतानुसार माग गरेको कर्मचारी का.म.पा. ले उपलब्ध गराउनेछ।

९) **सम्झौता संकलन र संग्रह एकाई :**

यस समितिको कार्य सम्पादनबाट संकलित सम्झौताहरु संकलन तथा संग्रह गरी सुरक्षित राख्ने काम का.म.पा. को सानिसा एकाईले गर्नेछ। समितिको सचिवालयको रुपमा समेत सानिसा एकाईलेनै कार्य गर्नेछ।

१०) **स्थलगत निरिक्षण गर्न सक्ने:**

समितिले गर्ने सम्झौता अध्ययनको काम कारवाहीको सिलसिलामा आवश्यकता अनुसार प्राविधिक कर्मचारी समेतको सहयोग लिई सम्झौता कार्यान्वयन स्थलको निरिक्षण गरी यथार्थ वस्तुस्थितिको समेत अवलोकन/मुल्याङ्कन गर्न सक्नेछ।

११) **अनुमोदन:**

समितिले स्विकृत गरेको यो कार्यविधि अनुमोदनको लागी का.म.पा. मा पेश गरिनेछ।

१२) **संशोधन तथा व्याख्या :**

यो कार्यविधिको व्याख्या गर्ने तथा शंसोधन गर्ने अधिकार समितिमा रहनेछ। सारभूत रुपमा शंसोधन भएमा भने अनुमोदनका लागि पुन: का.म.पा. बोर्ड मा पेश गरिनेछ।

१३) **कार्यविधिको पालना:**

यो कार्यविधि पालना गर्नु सबै कर्मचारीको कर्तव्य हुनेछ। यसको उल्लंघन गर्नु अनुशासन पालना नगर्नू वा आचरण विपरितको कार्य गर्नु सरहनै हुनेछ।